अनुसुची ४

(नियम ९ को उपनियम(१) सँग सम्बन्धित )

हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जलथल, झापा
१ नं. प्रदेश, नेपाल

## हल्दीबारी गाउँपालिकाको कार्य विवरण फाराम

<table>
<tr>
<td>१. पदको नाम- अमिन<br>(स्थायी/ अस्थायी) – करार</td>
<td>पद संकेत<br>सेवा-<br>समुह/ उपसमुह –<br>श्रेणी/ तह –</td>
</tr>
<tr>
<td>२. काम गर्ने स्थान –हल्दीबारी गाउँपालिका<br>३. कर्मचारीको नाम – सुरेन्द्र राई</td>
<td>४. हल्दीबारी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>प्रविधिक शाखा<br>५. प्रदेश नं १ जिल्ला झापा स्थान हल्दीबारी गा.पा. २<br>सम्पर्क नं -९८०८२२५१४०</td>
</tr>
<tr>
<td colspan="2">६. विस्तृत रुपमा पदको काम, अधिकार र उत्तरदायित्व</td>
</tr>
<tr>
<td colspan="2">
१. व्यक्तिको निजी घर, सार्वजनिक भवन वा संघसंस्था वा सामुदायिक भवन निर्माणका लागि कार्यपालिकाद्वारा स्वीकृत मापदण्डको आधारमा नक्सापासको प्रकृया पूरा गरी पेश गर्ने ।<br>
२. नक्सा पासको लागि प्राप्त दरखास्त फाराम स्पष्ट रुपमा भरिएको छ छैन जांच गर्ने, प्रक्रिया पूराभई आएको नक्सापासको लागि आवश्यक सूचना जारी गर्ने र इन्जिनियरसँग गई स्थलगत निरीक्षण गर्ने, प्रतिवेदन गर्ने<br>
३. घर निर्माणका लागि सम्बन्धित व्यक्तिका नाममा अस्थायी स्वीकृती पत्र जारी गर्ने र DPC Level पछि Super Structure निर्माणका लागि स्थायी स्वीकृति पत्र जारी गर्न इन्जिनियरलाई सहयोग गर्ने ।<br>
४. निर्माण सम्बन्धी कसैको उजुरी पर्न आएमा स्थलगत निरीक्षण गरी समस्या समाधान गर्ने ।<br>
५. नक्सा पासको लागि प्राप्त नक्साको Model, Elevation, Plinth Area, Site Map, Right of Way, Ground Coverage, Structural Design, आदि जांच गर्ने ।<br>
६. घर नक्सा नामसारी तयार गरी पेश गर्ने ।<br>
७. सम्पूर्ण निर्माण कार्य सम्पन्न गरे पछि स्थलगत निरीक्षण गरी स्वीकृत नक्सा अनुसारनै निर्माण भएको पाईएमा निर्माण सम्पन्न प्रमाण पत्र उपलव्ध गराउन सिफारिस गर्ने ।<br>
८. स्वीकृत नक्सा भन्दा फरक परेमा वा अनियमित निर्माण भएको पाईएमा स्वीकृत मापदण्ड तथा भवन संहिता अनुसार आवश्यक कारवाहिका लागि शाखाप्रमुख मार्फत कार्यपालिकामा सिफारिस गर्ने ।<br>
९. सार्वजनिक भवन तथा सरकारी भवनहरुको डिजाईन अपाङ्गमैत्री छ छैन जाच गर्ने, अपाङ्गमैत्री भएमा मात्र नक्सापास हुने व्यहोरा जानकारी गराउने ।<br>
१०. निजी घर निर्माणका लागि राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको अधिनमा रही नक्सा पासको लागि सिफारिस गर्ने,
</td>
</tr>
</table>

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

११. नक्सा पासको लागि दरखास्त पेश भएपछि भवन निर्माण हुने ठाउँमा सबैले देख्ने गरी सूचना टास गर्ने ।

१२. सो सूचनाको म्याद नाघेको ३ दिन भित्र दरखास्तमा उल्लेख भएबमोजिम भवन निर्माण गर्न मिल्ने नमिल्ने कुराको जाँच गरी प्राविधिक प्रतिवेदन पेश गर्ने ।

१३. राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति प्रदान गरिएका भवनहरुको अनुगमन गरी भवन संहिताको पालना गराउने ।

१४. सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन तथा संरचना निर्माण र मर्मत संभारका लागि स्थलगत निरीक्षण गरी लागत अनुमान सहित प्रतिवेदन पेश गर्ने ।

१५. गाउँपालिका क्षेत्रभित्रका सबै वडाहरुको जग्गाको नक्शा तयार गरी सुरक्षित साथ राख्ने ।

१८. गाउँपालिका भित्रका ऐलानी, पर्ती र सार्वजनिक जग्गाहरुको पहिचान गरी लगत तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । त्यस्ता जग्गाहरुको संरक्षणको व्यवस्था मिलाउने ।

| | |
|---|---|
| मेरो पदसँग सम्बन्धित उपर्युक्त काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारीको विवरण पूर्ण एवं ठीक साँचो हो ।<br><br>कर्मचारीको दस्तखत –<br>नाम – सुरेन्द्र राई<br>पद- अमिन<br>मिति - २०७४।६।१० | यस पदसँग सम्बन्धित उपर्युक्त काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकारको विवरण पूर्ण एवं ठीक साँचो हो ।<br><br>निकटतम अधिकारीको दस्तखत-<br>नाम-<br>पद -<br>मिति-<br><br>कार्यालय प्रमुखको दस्तखत –<br>नाम- सुवास श्रेष्ठ<br>पद – प्रमुख प्रशासकीय अधिकृत<br>मिति- |

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत